# दरखास्त दिंदा ध्यान दिनुपर्ने विषयहरु

नेपाल खानेपानी संस्थान कर्मचारी सेवा शर्त सम्बन्धी विनियमावली २०८१ को विनियम १५ अनुसार खुला/समावेशी प्रतियोगिताको लागि दरखास्त फाराम साथ पेश गर्नुपर्ने कागजातहरु

- उम्मेदवारले दरखास्त फाराममा विज्ञापन नम्बर, पद, सेवा, समूह, उपसमूह, श्रेणी, तह, नाम, थर, ठेगाना र जन्म मिति प्रष्ट खुलाएको हुनुपर्नेछ ।
- विज्ञापनमा तोकिए बमोजिम उम्मेदवारको उमेर पुगेको र उमेरको हद ननाघेको
- दरखास्त पेश गरेको पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता पुगेको
- तर विज्ञापनमा उल्लिखित शैक्षिक योग्यता नभई सोही विषयको माथिल्लो शैक्षिक योग्यता रहेछ भने सो योग्यतालाई नै न्यूनतम शैक्षिक योग्यता पुगेको मानिनेछ
- न्यूनतम शैक्षिक योग्यताको चारित्रिक प्रमाणपत्र र लब्धाङ्कपत्रको प्रतिलिपि दरखास्त साथ संलग्न गरेको
- शैक्षिक योग्यताको प्रमाणपत्र जारी गर्ने शिक्षण संस्था मान्यता प्राप्त शिक्षण संस्थाभित्र परेको
- समकक्षता र सम्बद्धता निर्धारण गर्नु पर्ने शैक्षिक प्रमाणपत्रको हकमा समकक्षता र सम्बद्धता निर्धारण भएको,
- तालिम वा अनुभव चाहिनेमा सो को प्रमाणपत्रको प्रतिलिपि संलग्न गरेको,
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि संलग्न गरेको,
- दरखास्त फाराममा हालसालै खिचिएको फोटो टाँसिएको र उम्मेदवारले फोटो समेतमा पर्ने गरी दस्तखत गरेको,
- दरखास्तसाथ विज्ञापनमा उल्लिखित परीक्षा दस्तुर दाखिल गरेको रसिद वा भौचर संलग्न गरेको,
- दरखास्तसाथ विज्ञापनमा तोकिएका कागजातहरुको एक-एक प्रति प्रतिलिपि संलग्न गरेको
- दरखास्तमा उम्मेदवारले दस्तखत तथा ल्याप्चे सहीछाप गरेको
- व्यावसायिक परिषद्मा दर्ता हुनुपर्ने पदको उम्मेदवारको हकमा सम्बन्धित व्यावसायिक परिषद्मा दर्ता भएको वा दर्ता नवीकरण गराएको
- समावेशी तर्फको दरखास्त बुझाउने उम्मेदवारले सूचनामा तोकिए बमोजिमको कागजात पेश गरेको ।

माथि उल्लेखित बुँदाहरुलाई अध्ययन गरी सोही बमोजिमका कागजातहरु साथ दरखास्त बुझाउनु पर्नेछ ।